## आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको

नबौं वार्षिक साधारण सभाको

**निर्णय अभिलेख (माइन्यूट)**

१. **सभाको वैधानिकता :**

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको नबौं वार्षिक साधारण सभा यस कम्पनीको मिति २०८२/०८/११ गते बसेको सञ्चालक समितिको १७९ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री बिष्णु मणि गौतमको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी पूर्व निर्धारित देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरी सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०८२ पुष ४ गते शुक्रबार (तदनुसार २०२५ डिसेम्बर १९)

स्थान : होटल अरनिको प्रा.लि., धुलिखेल-६, धुलिखेल, काभ्रेपलाञ्चोक ।

समय : दिनको २:०० बजे प्रारम्भ भई ४:०० बजे समापन ।

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार नबौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिका लागि शेयरधनीहरुलाई मिति २०८२/०८/११ गते आर्थिक राष्ट्रिय दैनिकमा प्रथम पटक, मिति २०८२/०८/२१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक र वित्तीय संस्थाको वेवसाईटमा समेत सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउनुको साथै साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुलाई वितरणको प्रबन्ध समेत मिलाईएको थियो ।

४. **छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखा परीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वित्तीय विवरण तथा आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८१/८२ को मुनाफाबाट चुक्ता पुँजी रु. ७३,३०,४६,२८०/- को ०.५ प्रतिशतले हुने रकम रु. ३६,६५,२३१/४० कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ को लेखा परीक्षण गर्न लेखा परीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गर्ने (हाल बहालवाला लेखा परीक्षक श्री बि.आर.पराजुली एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८१/८२ को मुनाफाबाट चुक्ता पुँजी रु. ७३,३०,४६,२८०/- को ९.५ प्रतिशतले हुने रकम रु. ६,९६,३९,३९६/६० बोनस शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्ध-पत्रको दफा ६(ख) र (ग) मा आवश्यक संशोधन गर्ने ।

२. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

३. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. वित्तीय संस्थाको प्रबन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोही बमोजिम प्रबन्ध-पत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**५. उपस्थिति :**

(क) सञ्चालक समितिका सदस्यहरु जम्मा ७ जना ।

(ख) शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा २११ जना ।

(ग) **कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित सञ्चालकहरु :**

१. श्री बिष्णु मणि गौतम - अध्यक्ष
२. श्री कविता पोखेल - सञ्चालक
३. श्री नारायण प्रसाद घिमिरे - सञ्चालक
४. श्री सन्दीप जंग कार्की - सञ्चालक
५. श्री हेमन्त पौडेल - सञ्चालक
६. श्री अविनाश सिलवाल - सञ्चालक
७. श्री विजय कुमार क्षेत्री - स्वतन्त्र सञ्चालक

(घ) **व्यवस्थापन पदाधिकारीहरुको उपस्थिति :**

१. श्री बद्री प्रसाद दुलाल - प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
२. श्री बद्री प्रसाद अधिकारी - नायव प्रमुख कार्यकारी अधिकृत
३. श्री रविन खतिवडा - प्रमुख- जोखिम व्यवस्थापन, अनुगमन तथा असुली विभाग
४. श्री बिजेन्द्र चौधरी - प्रमुख- कर्जा विभाग
५. श्री दिपेन्द्र खनाल - प्रमुख- मानव संशाधन विभाग
६. श्री पुष्कर मिश्र - प्रमुख- शाखा संचालन, तालिम तथा सामान्य सेवा विभाग
७. श्री सरोज राज भारती - प्रमुख- सूचना प्रविधि विभाग
८. श्री सुलभ घिमिरे - प्रमुख- आ.ले.प., कानून तथा अनुपालना विभाग
९. श्री सुरेश नेपाली - प्रमुख- योजना तथा वित्त विभाग

(ङ) **अन्य कर्मचारीहरुको उपस्थिति :**

१. श्री दिपेश खतिवडा - जोखिम व्यवस्थापन, अनुगमन तथा असुली विभाग
२. श्री बिशाल पहाडी - अनुगमन तथा असुली अधिकृत
३. श्री सुर्य नारायण पुरी - कर्जा विभाग
४. श्री श्याम कुमार श्रेष्ठ - जोखिम व्यवस्थापन, अनुगमन तथा असुली विभाग
५. नारायण प्रसाद बजगाई - शाखा प्रबन्धक
६. श्री बिकिल श्रेष्ठ - मानव संशाधन विभाग
७. श्री कौशल सत्याल - सहायक
८. श्री डिल्ली बहादुर खत्री - मुख्य सवारी चालक
९. श्री दामोदर पाण्डे - सवारी चालक
१०. श्री पवित्रा कुँवर - कार्यालय सहयोगी
११. श्री सविता बुढाथोकी - कार्यालय सहयोगी

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.

(च) **नियमनकारी निकायबाट भएको उपस्थिति :** श्री करन बहादुर वि.क. (कम्पनी रजिष्ट्रार कार्यालय)

(छ) **राष्ट्रिय बाणिज्य बैंक लिमिटेडको तर्फबाट उपस्थित प्रतिनिधि :** श्री जिवन मान सैजु

(ज) **प्रभु बैंक लिमिटेडको तर्फबाट उपस्थित प्रतिनिधि :** श्री किसोर कुमार घिमिरे

(झ) **नागरिक लगानी कोषको तर्फबाट उपस्थित प्रतिनिधि :** श्री जिवन राज जोशी

(ञ) **प्रभु क्यापिटलको तर्फबाट भएको उपस्थिति :**

१. श्री वासु थपलिया

२. श्री श्याम बहादुर रावल

३. श्री हिकमत कुँवर

(ट) **सुरक्षा निकायको उपस्थिति :** श्री गुणराज घिमिरे (जि.प्र.का. धुलिखेल, काभ्रेपाञ्चोकबाट) प्रतिनिधि उपस्थित रहेको ।

**६. गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या) :

| **उपस्थिति** | | **शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत** |
|---|---|---|
| शेयरधनीहरुको कुल संख्या : १०५,१२६ | शेयरधनीहरु<br>२११ जना (४ जना सञ्चालक समेत) स्वयं | |
| जम्मा शेयर संख्या : ७३ लाख ३० हजार ३ सय ६३ दशमलव ८० कित्ता | प्रोक्सी मार्फत उपस्थिति : १५ जना<br>जम्मा उपस्थिति : २२६ जना ४,३८७,१३३ कित्ता | ५९.८५ प्रतिशत |

यस कम्पनीको नबौं वार्षिक साधारण सभा संचालन गर्नको लागि आवश्यक गणपूरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको कम्तीमा ५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता ७३ लाख ३० हजार ३ सय ६३ दशमलब ८० कित्तामा ४३ लाख ८७ हजार १ सय ३३ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी जम्मा १०५,१२६ शेयरधनीहरु मध्ये २११ जना शेयरधनीहरुको स्वयं तथा १५ जना शेयरधनीहरु (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति रहेको हुँदा सभा संचालनको लागि आवश्यक शेयरधनीहरुको संख्या तथा शेयर कित्ता समेतको प्रतिनिधित्व भएको छ ।

**७. सभा संचालनको लागि वैधानिकताको यकिन :**

(क) कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको नबौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या २२६ रहेको र निजहरुले धारण गरेको कुल शेयर संख्याको ५९.८५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा संचालन गर्न वैधानिक भएको जानकारी सभालाई गराई सभाका सभापतिको अनुमतिले नबौं वार्षिक साधारण सभाको काम कारवाही संचालन गराउनु भयो ।

(ख) यस कम्पनीको नियमावली, २०७२ को नियम १९ (१) बमोजिम भएको व्यवस्था बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्नु हुने कुरा कम्पनी सचिवले जानकारी गराएपछि दिउसोको २:०० बजे अध्यक्ष श्री बिष्णु मणि गौतमज्यूको अध्यक्षतामा वित्तीय संस्थाको नबौं वार्षिक साधारण सभा शुरु भयो । सभा संचालन वित्तीय संस्थाका विभागीय प्रमुख श्री रविन खतिवडाले गर्नु भएको थियो ।

**८. वार्षिक साधारण सभाको प्रस्तुति :**

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.

(क) सभाका सभापति श्री बिष्णु मणि गौतमज्यू तथा प्रमुख अतिथि संस्थापक अध्यक्ष श्री राम बहादुर पाण्डेज्यूबाट संयुक्त रुपमा पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाटन पश्चात सभाको काम कारवाही शुरु गरियो ।

(ख) राष्ट्रिय गान बजाई अध्यक्षज्यूको अनुमतिले साधारण सभाको कारवाही संचालन गर्नुभयो ।

(ग) संस्थाका कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत श्री बद्री प्रसाद दुलालज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत मन्तव्य राख्नु भयो ।

(घ) अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्नु भयो ।

(ङ) अध्यक्षज्यूले आ.व. २०८१/८२ को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण समेत छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

**९. छलफलका लागि आह्वान :**

(क) वित्तीय संस्थाको आ.व. २०८१/८२ को प्रतिवेदन, २०८२ आषाढ मसान्तसम्मको वित्तीय स्थितिको विवरण, नाफा/नोक्सान हिसाव विवरण तथा नगद प्रवाह विवरण उपर मन्तव्य प्रकट गर्न, सो सम्वन्धमा कुनै जिज्ञासा वा सुझाव भए जानकारी गराउन तथा छलफलका विषय-सूची अनुसार छलफल गरी निर्णय गर्न अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात निम्नउल्लेखित शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो ।

(ख) छलफलमा सहभागी भई जिज्ञासा एवं सुझाव सहितको मौखिक मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरु :

| | |
|---|---|
| १. श्री जगन्नाथ आचार्य | ६. श्री ईन्द्र प्रसाद लामिछाने |
| २. श्री भेष राज भण्डारी | ७. श्री निरुपमा गुप्ता |
| ३. श्री चन्द्रनारायण श्रेष्ठ | ८. श्री युगल बसेल |
| ४. श्री सुदिप श्रेष्ठ | ९. डा.आत्मराम घिमिरे |
| ५. श्री गोबिन्द बहादुर के.सी. | १०. श्री रोहन कार्की |

(ग) छलफलमा सहभागी भई जिज्ञासा एवं लिखित सुझाव राख्नु हुने शेयरधनी महानुभावहरु :

१. श्री ब्रम्हदेव शाक्य

२. श्री बैजुनाथ रौनियार

३. श्री लक्ष्मण बहादुर श्रेष्ठ

**१०. छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतिकरण :**

**(क) मौखिकरुपमा मन्तव्य राख्नुहुने शेयरधनी महानुभावहरुको प्रस्तुतिकरण :**

**१. श्री जगन्नाथ आचार्य :**

उपस्थित सञ्चालक समितिका अध्यक्ष, सञ्चालक समिति, उच्च व्यवस्थापन कर्मचारी तथा शेयरधनी महानुभाव सबैमा अभिवादन व्यक्त गर्नु भयो । उहाँले संस्थाले सधै लगानीकर्ताहरु लाई राम्रो लाभांश बितरण गरेको र हालको जटिल परिस्थितिमा पनि १० प्रतिशत लाभांश दिएकोमा धेरै धेरै धन्यवाद व्यक्त गर्नुका साथै संस्थाले कर्जा लगानी गर्दा कमसल धितो नराखि गुणस्तर कर्जा लगानी गर्नुपर्ने तथा कर्मचारीहरुको मनोबल बृद्धी गर्न तालिम लगायत समय सापेक्ष सेवा सुबिधा बृद्धी गर्नुपर्ने सुझाव दिनु भयो ।

**२. श्री भेष राज भण्डारी :**

उपस्थित सञ्चालक समितिका अध्यक्ष, सञ्चालक समिति, उच्च व्यवस्थापन कर्मचारी तथा शेयरधनी महानुभाव सबैमा अभिवादन व्यक्त गर्दै समीक्षा वर्षमा संस्थाले आफ्नो प्रमुख वित्तीय सूचकहरुमा

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

सकारात्मक प्रगती गरेको र संस्थाले अन्य संस्था सँग मर्जर गर्दा वित्तीय विवरणको अध्ययन गरेर राम्रो संस्था सँग गर्नुपर्ने सुझाव दिनु भयो ।

**३. श्री चन्द्र नारायण श्रेष्ठ :**

सम्पूर्ण. महानुभावहरुलाई अभिवादन गर्दै वित्तीय संस्थाले प्रकाशित गरेको रिपोर्टमा खुद मुनाफा २० करोड भन्दा माथि रहेको भएता पनि लाभांश प्रस्ताव कम गरेको प्रति जिज्ञासा राख्नु भयो । यस अघिको वर्षको तुलनामा यस वर्ष केही कमी भएता पनी १० प्रतिशतसम्म लाभांश प्रस्ताव गरेकोमा धेरै धेरै धन्यवाद व्यक्त गर्नुभएको थियो । साथै वित्तीय संस्थाले वार्षिक साधारण सभा समयमा सफलतापूर्वक गरेकोमा धन्यवाद दिनुभयो । समीक्षा वर्षमा वित्तीय संस्थाले आफ्नो सम्पूर्ण सूचकहरुमा सुधार गरेको र आगामी वर्षहरुमा समेत थप सुधार गर्दै जान जोडदिनुपर्ने सुझाव समेत व्यक्त गर्नु भएको थियो ।

**४. श्री सुदिप श्रेष्ठ :**

उपस्थित सम्पूर्ण महानुभावहरुमा अभिवादन व्यक्त गर्दै समयमा नै वार्षिक साधारण सभा तथा दुई अंकको लाभांश प्रदान गरेकोमा धन्यवाद दिदै नेपाल राष्ट्र बैकले हालै कर्जा सिमामा खुकुलो नीति लिएकोमा सो अवसरलाई सदुपयोग गरी संस्थाले आफ्नो लगानी बृद्धी गरी थप सुधार गर्नुपर्ने विषयमा जोड दिनुभयो र सस्थाको निष्कृय कर्जा कम गरी आगामी दिनमा पहिलो त्रैमास भित्र नै वार्षिक साधारण सभा सम्पन्न गर्न सुझाव दिनुभयो ।

**५. श्री गोविन्द बहादुर के.सी. :**

लघुवित्त बिरोधी गतिबिधि गर्ने अराजक समूहहरुको कारण समग्र वित्तीय संस्थाको रिपोर्टलाई कम्जोर बनाउने प्रयास भईरहेकोले त्यस बिरुद्ध सबै वित्तीय संस्थाहरु एकजुट भई बोल्न जान्नेले बोलेर, लेख्नेले लेखेर आ-आफ्नो ठाउँबाट आवाज उठाउनु पर्ने समय आएको भन्नु भयो । उहाँले अन्य वित्तीय संस्थाको तुलनामा प्रमुख कार्यकारी अधिकृतको तलब कम रहेको कुरा उठाउदै यस विषयमा सञ्चालक समितिले ध्यान दिनुपर्ने सुझाव प्रदान गर्नु भएको थियो । साथै समयमा वार्षिक साधारण सभा तथा दुई अंकमा लाभांश प्रस्ताव गरेकोमा धन्यवाद समेत दिनुभयो ।

**६. श्री इन्द्र प्रसाद लामिछाने :**

यस संस्थाले टाढाबाट आउने शेयरधनीलाई उपयुक्त समय र बार मिलाई वार्षिक साधारण सभा गरेको र दोहोरो अंकमा लाभांश बितरण गरेकोमा धन्यवाद दिनुभयो । संस्थाको जगेडा कोष गत वर्षको तुलनामा घटेको र निष्कृय कर्जा समेत ६ प्रतिशतको हाराहारीमा रहेकोमा चिन्ता व्यक्त गर्दै आगामी दिनमा सुधार गर्न अमुल्य सुझाव दिनु भयो । साथै मर्जर गर्दा राम्रो संस्था चयन गरी गर्नहुन आफ्नो धारणा राख्नु भयो ।

**७. श्री निरुपमा गुप्ता :**

वित्तीय संस्थाको महत्पूर्ण सूचकको विषयमा जानकारी गराउदै यस संस्था प्रगती उन्मुख रहेको, तथा सम्पूर्ण सूचकहरु सकारात्मक रहेको जानकारी गर्नुका साथै वित्तीय संस्थाको सामाजिक उत्तरदायित्व कोषको परिचालन के कसरी हुने गरेको विषयमा जिज्ञासा समेत राख्नु भएको थियो । खर्चमा मितव्ययिता अपनाएको र आगामी दिनहरुमा संस्थाले डिजिटल माध्यम र मोवाईल बैंकिङ मार्फत कर्जा कारोवार गर्नुपर्नेमा जोड दिनु भयो ।

**८. श्री युगल बसेल :**

यस वित्तीय संस्थाले मर्जर गरे पश्चात पनि राम्रो प्रतिफल प्रदान गरेको तथा सम्पूर्ण सूचकहरुमा उल्लेखनिय प्रगती हासिल गरेकोमा धन्यवाद व्यक्त गर्दै निष्कृय कर्जा असुली गर्नुपर्ने सुझाव समेत दिनु भयो ।

**९. डा. आत्मराम घिमिरे :**

वित्तीय संस्थाले स्थापना काल देखि नै लगानीकर्तालाई उचित प्रतिफल समेत दिदै आएकोमा खुसी व्यक्त गर्दै सभामा अन्य शेयरधनी महानुभावहरुले राख्नु भएको सुझाव समय सापेक्ष भएको र सो विषयमा सञ्चालक समिति तथा व्यवस्थापनले गम्भिररुपमा लिनुपर्ने सुझाव प्रदान गर्नु भयो । यस वर्ष सोचे अनुरुप लाभांश पाउन नसकेता पनि वित्तीय संस्थाको भकारीमा प्रशस्त रहेकोमा आगामी दिनमा उत्कृष्ट लाभांश

आशा
आशा लघुवित वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलान्चोक

दिने गरी कार्य गर्न समेत सुझाव दिदै अन्य उपस्थित शेयरधनी महानुभावहरुलाई समेत आश्वस्त पार्नु भयो ।

**१०. श्री रोहन कार्की :**

वित्तीय .संस्थाको पहिलो त्रैमासको रिपोर्ट दशै, तिहार, छठ लगायत चाडपर्व तथा बाढी पहिरो र जेन्जी आन्दोलनको कारण केही खस्किएको भएता पनि दोस्रो त्रैमासको रिपोर्ट सुधार भएर जाने विश्वास व्यक्त गर्नुभयो । वित्तीय संस्थाले समयमा नै वार्षिक साधारण सभा गरी राम्रो लाभांश प्रस्ताव समेत गरेको, संस्थाको प्रमुख सूचकहरुमा प्रगति देखिएको भनाई राख्दै सम्पूर्ण सञ्चालक समिति तथा व्यवस्थापन टिमलाई धन्यवाद दिनु भयो । सबै पक्षहरु एक भएर संस्थाको प्रगतिमा निरन्तर लाग्नुपर्ने तथा मर्जरको विषयमा बाध्यकारी अवस्थामा बाहेक अन्य अवस्थामा मर्जरमा जान नहुने सुझाव समेत दिनु भयो ।

**ख. लिखित सुझाव राख्नुहुने शेयरधनी महानुभावहरुको प्रस्तुतिकरण :**

**१. श्री ब्रम्हदेव शाक्य :**

सर्वप्रथमतः समयमै साधारण सभा बोलाईएकोमा आभार व्यक्त गर्दछु । यस कार्यले यस संस्थामा संस्थागत सुशासन राम्रो रहेको छ भन्ने दर्शाउदछ । कर प्रयोजन समेत गर्दा १० प्रतिशत सम्म लाभांश प्रस्ताव गर्न सफल हुनु भएकोमा धन्यवाद ज्ञापन गर्दछु । लघुवित्त वित्तीय संस्था विरोधी तत्वहरुले अवाञ्छित तथा अमर्यादित ढंगले वित्तीय कारोबारमा पुऱ्याएको अमानविय कार्यले यस संस्थालाई पनि आघात पुऱ्याएको रहेछ । तथापि आफ्नो कार्य कुशलताको कारणले संस्थालाई नाफामा पुऱ्याएको सह्रानिय छ । यसका बाबजुद समीक्षा अवधिमा रहेको ६.४९ प्रतिशतको निष्कृय कर्जालाई चालु आ.व.को अन्तसम्म ३.९५ प्रतिशतको बिन्दुमा पुऱ्याउने लक्ष्यका साथ कार्य गरिरहेको प्रशंसनिय छ । लेखा परीक्षकाकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा बाहालवाला लेखा परीक्षकाकज्यूलाई नै पुनः नियुक्त गर्न र पूर्ववत पारिश्रमिक रकम नै निर्धारण गर्न सुझाव राख्दछु । बाध्यात्मक अवस्था भन्दा अन्य अवस्थामा मर्जरमा जान नहुने समेत सुझाव प्रदान गर्नु भएको छ । अन्त्यमा यस संस्थाको हितका काम गर्नुहुने सबैलाई धन्यवाद दिदैं यस सभाको सफलताको लागि कामना गर्दछु । सबैको मंगल होस् ।

**२. श्री बैजुनाथ रौनियार :**

वित्तीय संस्थाले यस आ.व. २०८१/८२ मा ९.५ प्रतिशत बोनस शेयर र ०.५ प्रतिशत नगद लाभांश कर तिर्न समेत जम्मा १० प्रतिशत लाभांश दिएकोमा हामी शेयरधनी हरु धेरै खुशी छौं । श्री अध्यक्षज्यूको र सञ्चालक समितिको प्रतिवेदन पेश अनुसार विभिन्न अवरोधका बाबजुद पनि यो संस्थाले १० प्रतिशत लाभांश दिन सफल भएको छ । साथै अहिले देशको विभिन्न भागमा केही व्यक्तिहरुले ब्याज र सुद समेत नदिने कार्य भएता पनि यसबाट निष्क्रिय कर्जा ६.४९ प्रतिशत रहन गएकोमा कर्मचारीहरुको अथक प्रयासहरुबाट यस समक्षिा अवधिमा ३.९५ प्रतिशत बिन्दुमा कायम राख्ने लक्ष्य राखेकोले यसबाट भविष्यमा केही लाभांश पाउने नै छौं । यो संस्था विरुद्ध वा सञ्चालक विरुद्ध अदालतमा कुनै मुद्दा नचलिरहेको यो धेरै राम्रो छ र यसबाट लघुवित्तको कार्य सुशासन बलियो भएको छ र यो शेयरधनीहरुलाई खुशीको खबर हो । परिपालन अधिकृत तोकी कार्य संचालन भईरहेकोले यो लघुवित्त आफ्नो कार्य गर्न सक्षम रहेको छ । बुक भ्यालु २०८१/८२ मा १५६/६४ भएको र २०८०/८१ मा १६६/४२ भएकोमा बुक भ्यालु घटेको छ । यसलाई सुधार गर्न अनुरोध छ । बुक ईपिएस १४.०० यो आ.व.मा भएको जो अघिल्लो वर्ष १३.१९ भएकोबाट यसबाट यो लघुवित्त मजबुद छ । Diluted EPS समेत राम्रो भएकोले यो लघुवित्त मजबुद छ । Amortizing Distributable Profit/Loss Per Share Last Year १५.६८ भएकोमा यस वर्ष ११.२१ भएकोले यसलाई सुधार गर्नुपर्ने हुन्छ । यस आ.व. २०८१/८२ मा छलफल गरी स्वीकृतीको लागि सामान्य प्रस्ताव तर्फ ४ भएको र विशेष प्रस्ताव तर्फ ४ भएकोमा उक्त सम्पूर्ण प्रस्तावहरुको समर्थन गर्दछु । अन्त्यमा यो लघुवित्तको उत्तरोत्तर प्रगतिको कामना गर्दै आउने दिनमा हामी शेयरधनीहरुले अवश्य केही लाभांश पाउने नै छौं । जय आशा लघुवित्त वित्तीय संस्था लिमिटेड ।

**३. श्री लक्ष्मण बहादुर श्रेष्ठ :**

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलान्चोक

नमस्कार म शेयरधनी लक्ष्मण बहादुर श्रेष्ठ यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको नबौं वार्षिक साधारण सभाका अध्यक्ष ग्रहण गर्नु भएका यस कम्पनीका सञ्चालक समितिका अध्यक्षज्यू, सञ्चालकज्यू, प्रमुख कार्यकारी बद्री प्रसाद दुलालज्यू, कम्पनी सचिवज्यू लगायत सभामा सहभागी शेयरधनीहरुमा मेरो नमस्कार। समयलाई मध्येनजर गर्दै म यस वार्षिक साधारण सभामा लिखित मन्तब्य पेश गर्दछु। कम्पनीले वार्षिक साधारण सभा समयमा नै गर्नु भएकोमा सञ्चालक र व्यवस्थापनलाई धन्यवाद दिन चाहन्छु। आगामी वार्षिक साधारण सभा प्रथम त्रैमासिक भित्र गर्न आग्रह गर्दछु। कम्पनीले आर्थिक वर्ष २०८१/८२ मा शेयरधनीलाई १० प्रतिशत (कर सहित) प्रतिफल दिनु भएकोमा धन्यवाद। आगामी आर्थिक वर्षमा लाभांश अझ बढ्नेमा म आशाबादी छु। कम्पनीलाई जेन्जी आन्दोलनले के कति क्षती पुराएको छ। सभामा जानकारी दिनुहुन अनुरोध छ। कम्पनीको आर्थिक प्रतिवेदन अध्ययन गर्दा खर्चमा मितव्ययीता अपनाउन सञ्चालकलाई आग्रह गर्दछु। खराब कर्जा बढेकाले सञ्चालक र व्यवस्थापनलाई कर्जा असुलीमा विशेष ध्यान दिन आग्रह गर्दछु। आजको दिनसम्म कम्पनीलाई यहाँसम्म लेराउन काम गर्ने कर्मचारी प्रति आभार प्रकट गर्दै साधारण सभामा पेश हुने सबै एजेन्डामा मेरो पूर्ण समर्थन जनाउदै यो वार्षिक साधारण सभाको सफलताको सुभकामना व्यक्त गर्दछु।

**११. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

वार्षिक प्रतिवेदन उपर वक्ता शेयरधनीहरुले देखाउनु भएको कमिकमजोरी तथा सुझाव उपर वित्तीय संस्थाको अध्यक्षज्यूले जवाफ दिदै सर्वप्रथम वक्ताहरुले सभामा राख्नु भएको सुझावहरु अत्यन्तै मनन योग्य रहेको हुँदा सम्पूर्णमा धन्यवाद व्यक्त गर्नु भयो। आगामी दिनमा सो सुझावलाई विशेष ध्यानमा राखि कार्य गर्ने प्रतिवद्धता समेत गर्नु भयो। यस वर्ष भाद्र महिनामा नै लेखा परीक्षण कार्य सम्पन्न भएको भएता पनि नियामकीय निकायको बाध्यकारी अवस्थाको कारण साधारण सभा ढिला हुन गएको जानकारी दिदै आगामी दिनमा सुझाव बमोजिम सकभर पहिलो त्रैमास भित्र नै साधारण सभा गर्न प्रयास गरिने प्रतिबद्धता समेत जाहेर गर्नु भयो। वित्तीय संस्थाले प्रत्येक वर्ष शतप्रतिशत कर्मचारीहरुलाई तालिमको व्यवस्था गर्ने गरिएको, ग्राहक सदस्यहरुको लागि समेत विभिन्न सिपमूलक तालिमहरु समेत संचालन गर्ने गरिएको र आगामी दिनमा समेत निरन्तरता दिने जानकारी दिनु भयो। सभामा प्राप्त सुझावको आधारमा वित्तीय संस्थाको भकारीमा रहेको र आगामी दिनमा समेत भकारी बलियो पारी लगानी कर्ताको लगानीको उचित प्रतिफल दिन प्रयासरत रहने विचार व्यक्त गर्नु भयो। अन्त्यमा आशा लघुवित्त वित्तीय संस्थालाई माया गरी यहाँसम्म पाल्नु भएका आदरणीय शेयरधनी महानुभावज्यूहरु, सञ्चालक समिति, नियामनकारी निकाय, नेपाल राष्ट्र बैंक, व्यवस्थापन टिम लगायत वित्तीय संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिदैं सभामा दिनु भएको महत्वपूर्ण सुझाव प्रति आभार प्रकट गर्नुभयो।

त्यस्तै गरी अध्यक्षज्यूको आज्ञाले छुटपुट विषय उपर वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव श्री बद्री प्रसाद दुलालज्यूलाई आफ्नो भनाई राख्न आग्रह गरेसँगै वित्तीय संस्थाको प्रगतिमा सम्पूर्ण शेयरधनी महानुभावज्यूहरुको अमुल्य सल्लाह सुझावको महत्वपूर्ण भुमिका हुने भएकोले सभामा राख्नु भएको सुझावलाई शिरोधार्य गर्दै आगामी दिनमा समेत शेयरधनी महानुभावज्यूहरुको अपेक्षा बमोजिम कार्य गर्ने विश्वास व्यक्त गर्नु भयो। त्यसै गरी वित्तीय संस्थाले बढ्दो खराब कर्जा नियन्त्रणमा महत्वपूर्ण भुमिका निर्वाह गरेको र आगामी दिनमा सुधार भएर जाने विश्वास व्यक्त गर्नु भई उपस्थित सम्पूर्ण शेयरधनी महानुभाव ज्यूहरु, नियमनकारी निकाय (नेपाल राष्ट्र बैंक) अन्य नियामक निकाय, बाह्य लेखा परीक्षक, धितोपत्र वोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, वित्तीय संस्थामा कार्यरत नायव प्रमुख कार्यकारी अधिकृत, विभागीय प्रमुख, सम्पूर्ण कर्मचारी तथा ग्राहक सदस्यहरुलाई समेत धन्यवाद व्यक्त गर्नुहुदै साधारण सभामा शेयरधनी महानुभावहरुले उठान गर्नु भएको विषयमा आफ्नो महत्वपूर्ण भनाई व्यक्त गर्नु भएको थियो।

**१२. वार्षिक साधारण सभाको निर्णय :**

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, झापा-१३, काँकेपलासचोक

(क) <u>सामान्य प्रस्तावहरुमा भएका निर्णयहरु</u> :

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले नबौं वार्षिक साधारण सभामा प्रस्तुत गर्नु भएको आ.व. २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

**२. लेखा परीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वित्तीय विवरण तथा आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

लेखा परीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वित्तीय स्थितिको विवरण तथा आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब विवरण र नगद प्रवाह विवरण अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

**३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८१/८२ को मुनाफाबाट चुक्ता पुँजी रु. ७३,३०,४६,२८०/- को ०.५ प्रतिशतले हुने रकम रु. ३६,६५,२३१/४० कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८१/८२ को मुनाफाबाट चुक्ता पुँजी रु. ७३,३०,४६,२८०/- को ०.५ प्रतिशतले हुने रकम रु. ३६,६५,२३१/४० कर प्रयोजनका लागि नगद लाभांश पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

**४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/८३ को लेखा परीक्षण गर्न लेखा परीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गर्ने (हाल बहालवाला लेखा परीक्षक श्री बि.आर.पराजुली एण्ड एशोसिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ) सम्बन्धमा ।**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/८३ को लेखा परीक्षण गर्न लेखा परीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गरियोस भनी अध्यक्षज्यूले साधारण सभा समक्ष निर्णयार्थ प्रस्ताव पेश गर्नुभएकोमा संस्थाको लेखा परीक्षण समितिको मिति २०८२/०८/०५ गते बसेको ४५ औं बैठकले गरेको सिफारिस बमोजिम बहालवाला लेखा परीक्षक श्री बि.आर.पराजुली एण्ड एसोशिएट्सलाई बाह्य लेखा परीक्षकमा नियुक्ति गर्ने तथा निजको लेखा परीक्षण र निक्षेप तथा कर्जा सुरक्षण कोष लगायतका अन्य नियामक निकायले तोकिए बमोजिम कागजात प्रमाणित तथा कर परीक्षकाण बापत पारिश्रमिक दैनिक भत्ता, खाना तथा आवास र यातायात खर्च समेत गरी कर बाहेक रु. ५,००,०००।- ( अक्षरेपि पाँच लाख मात्र) प्रदान गर्ने गरी लेखा परीक्षण समितिको सिफारिस बमोजिम हुनेगरी नियुक्ति गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

(ख) <u>विशेष प्रस्तावहरुमा भएका निर्णयहरु</u> :

**१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०८१/८२ को मुनाफाबाट चुक्ता पुँजी रु. ७३,३०,४६,२८०/-को ९.५ प्रतिशतले हुने रकम रु. ६,९६,३९,३९६/६० बोनस शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्ध-पत्रको दफा ६(ख) र (ग) मा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।**

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक

माथि उल्लेखित प्रस्ताव बमोजिम निम्नानुसारको तीन-महले संशोधन गर्न सर्वसम्मतिले पारित गरियो ।

**प्रबन्ध-पत्रको संशोधित प्रावधानको तीन-महले**

| दफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | कारण |
|---|---|---|---|
| ६(ख) | (ख) वित्तीय संस्थाको जारी पुँजी रु. ७३,३०,४६,२८०/- (अक्षरेपि त्रिहत्तर करोड तिस लाख छयालिस हजार दुई सय असी मात्र) हुनेछ । सो पुँजीलाई रु. १०० का दरले ७३,३०,४६२/८० ( त्रिहत्तर लाख तिस हजार चार सय बैसट्टी दशमलव असी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | (ख) वित्तीय संस्थाको जारी पुँजी रु. ८०,२६,८५,६७६/६० (अक्षरेपि असी करोड छब्बिस लाख पचासी हजार छ सय छयहत्तर र पैसा साठी मात्र) हुनेछ । सो पुँजीलाई रु. १०० का दरले ८०,२६,८५६/७७ (असी लाख छब्बिस हजार आठ सय छपन्न दशमलव सतहत्तर) थान साधारण शेयरमा विभाजन गरिएको छ । | संस्थाले ९.५ प्रतिशत बोनस शेयर जारी गर्न प्रस्ताव गरेकोले । |
| ६(ग) | (ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. ७३,३०,४६,२८०/- (अक्षरेपि त्रिहत्तर करोड तिस लाख छयालिस हजार दुई सय असी मात्र) हुनेछ । | (ग) वित्तीय संस्थाको चुक्ता पुँजी रु. ८०,२६,८५,६७६/६० (अक्षरेपि असी करोड छब्बिस लाख पचासी हजार छ सय छयहत्तर र पैसा साठी मात्र) हुनेछ । | |

**२. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

यस वित्तीय संस्थाले अन्य ईजाजत-पत्र प्राप्त “घ” वर्गका कुनै एक वा एक भन्दा बढी लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्न/गाभिन (Merger) वा प्राप्ती (Acquisition) गर्ने तथा खरिद गर्ने सम्बन्धी प्रचलित कानून तथा निर्देशनहरुको अधिनमा रही समझदारी पत्र (Memorendum of Understanding) मा हस्ताक्षर लगायत गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृत लिई कार्यान्वयन गर्ने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरणहरु उपलब्ध गराउने लगायत आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**३. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit ) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

यस वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त “घ” वर्गका कुनै एक वा एक भन्दा बढी लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्न/गाभिन (Merger) वा प्राप्ती (Acquisition) गर्ने तथा खरिद गर्ने क्रममा संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit ) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने समझदारी पत्र (Memorendum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**४. वित्तीय संस्थाको प्रबन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन भएमा सोही बमोजिम प्रबन्ध-पत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

वित्तीय संस्थाको प्रबन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोही बमोजिम प्रबन्ध-पत्र तथा विनियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-११, काभ्रेपलाञ्चोक

(ग) **विविध :**

प्रमुख अतिथिका रुपमा मन्तव्य व्यक्त गर्नुहुँदै संस्थापक अध्यक्ष श्री राम बहादुर पाण्डेज्यूले संस्थाले शेयरधनीको लगानीको उचित प्रतिफल हरेक वर्ष दिनुपर्ने, वित्तीय संस्थाको खराब कर्जा असुलीमा विशेष ध्यान दिनुपर्ने, कर्मचारी वित्तीय संस्थाको सम्पत्ति भएको हुँदा कर्मचारीहरुलाई समय सापेक्ष क्षमता अभिवृद्धि तालिमहरु संचालन गर्नुपर्ने, सभामा उठेका महत्वपूर्ण सुझावहरुलाई कार्यान्वयन गर्नुपर्ने राय व्यक्त गर्नुका साथै वित्तीय संस्थाको स्थापनाकाल देखि आज नबौं वार्षिक साधारण सभा सम्म आईपुग्दाका विभिन्न उतार चढाबलाई स्मरण समेत गर्नु भयो । साथै आ.व. २०८०/८१ मा आन्तरिक राजस्व कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोक बाट उत्कृष्ट करदाताको रुपमा सम्मान भएको कुरामा खुसी व्यक्त गर्नु भयो । यस वर्ष वित्तीय संस्थाले शेयरधनीहरुलाई प्रस्ताव गरेको लाभांश त्यति संतोषजनक नभएकोमा आगामी दिनमा कर्जा असुलीलाई ध्यानमा राखि लाभांश क्षमतामा बृद्धि गरी लगानीकर्ताको लगानीको उचित प्रतिफल दिनुपर्ने राय व्यक्त गर्नु भयो । त्यस्तै गरी समीक्षा वर्षमा वित्तीय संस्थाले १० वटा शाखा कार्यालय एकआपसमा गाभ्दै गर्दा थप जिल्लामा कार्यक्षेत्र विस्तार गरी दुरदराजका गरिब तथा विपन्न परिवारमा सेवा पुराउन समेत सुझाव प्रदान गर्नु भयो । सम्पूर्ण शेयरधनी महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, नियामकीय निकायहरु, नेपाल राष्ट्र बैंक, व्यवस्थापन टिम, कार्यरत सम्पूर्ण कर्मचारीहरु लगायत ग्राहक सदस्यहरुलाई विशेष धन्यवाद समेत व्यक्त गर्नुभयो ।

१३. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

यस नबौं वार्षिक साधारण सभाको सूचनामा तोकिए बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णय पारित भई सम्पन्न भएको हुँदा अध्यक्षज्यूले शेयरधनी महानुभावहरु बाट छलफलमा सकारात्मक तथा सक्रिय सहभागिताका जनाईदिनु भएकोमा विशेष धन्यवाद ज्ञापन गर्दै प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो । वित्तीय संस्था संचालनमा महत्वपूर्ण सहयोग गर्नुहुने सम्पूर्ण नियमनकारी निकायहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखा परीक्षक तथा व्यवस्थापन समूहलाई धन्यवाद व्यक्त गर्दै सम्पूर्णमा हार्दिक आभार सहित दिनको ४:०० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ............ | ............ |
| बद्री प्रसाद दुलाल | बिष्णु मणि गौतम |
| कम्पनी सचिव | अध्यक्ष |
| संस्थाको छाप : | मिति : २०८२ पुष ०४ गते शुक्रबार |

आशा

आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक